त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

चलानी नं. .....

मिति: २०८०/११/११

स्नातकोत्तर (MA) तह दोस्रो र चौथो सेमेस्टर तथा अधिस्नातक (PGD) तह दोस्रो सेमेस्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) फाराम भर्ने म्याद थप गरिएको सूचना!

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर (MA) तहको शैक्षिक वर्ष २०२२ (Batch 2022) का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०१८ सम्म) का आंशिक परीक्षार्थीहरूको **दोस्रो सेमेस्टर** र शैक्षिक वर्ष २०२१ (Batch 2021) का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०१८ सम्म) का आंशिक परीक्षार्थीहरूको **चौथो सेमेस्टर** तथा शैक्षिक वर्ष २०२२ (Batch 2022) का **अधिस्नातक (PGD)** तह दोस्रो सेमेस्टरको सत्रान्त परीक्षाको अनलाइन फाराम भर्ने अन्तिम म्याद वि.सं. २०८० साल फागुन १२ गतेसम्म रहेकामा यही फागुन १७ गतेसम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत केन्द्रीय विभाग/क्याम्पस/कार्यक्रमको नाम छनौट गरी https://exam.tufohss.edu.np मार्फत वेवसाइटमा उल्लेखित निर्देशन अनुसार अनलाइन परीक्षा फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइट www.fohss.tu.edu.np बाट प्राप्त गर्न सकिने छ

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८० साल फागुन १७ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८० साल फागुन १९ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर :** नियमित **कार्यक्रमका** परीक्षार्थीहरूका लागि रू. १,५००/- (अक्षरेपी रू. एक हजार पाँच सय मात्र) र आन्तरिक स्रोतबाट सञ्चालित अधिस्नातक तथा स्नातकोत्तर कार्यक्रमका परीक्षार्थीहरूका लागि रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पस/विभागमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेशन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्बन्धित क्याम्पस/विभागहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्ने छ ।

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

CamScanner

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. .....

- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, स्थानान्तरण भए सो पत्रको प्रतिलिपि र फाराममा तोकिएको ठाउँमा दस्तखत आदि Upload गर्नुपर्ने छ ।
- सम्बन्धित विभागहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम मिति २०८० साल फागुन २१ गतेभित्र अनिवार्यरुपमा रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्ने छ ।
- विद्यार्थीहरूले भरेका र क्याम्पस/विभागहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित विभाग/कार्यक्रमको पत्र सहित विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) मिति २०८० साल फागुन २३ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०८० साल फागुन २९ गतेपछि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् र उक्त प्रवेशपत्र कलर प्रिन्ट गरी परीक्षा अवधिभर अनिवार्य रुपमा आफ्नो साथमा राख्नु पर्नेछ ।

नोटः यस सङ्काय अन्तर्गत चार वटै सेमेस्टरका सबै पाठ्यांशहरू (शोधपत्र सहित) को कूल ग्रेड CGPA 3.00 भन्दा कम भएर Transcript पाउन नसकेका स्नातकोत्तर (MA) तहका शैक्षिक वर्ष २०१७ (Batch 2017) देखि यताका विद्यार्थीहरूले समेत दोस्रो र चौथो सेमेस्टरका कुनै तीन विषयमा ग्रेड सुधार परीक्षा (Grade Improvement Examination) का निमित्त अनलाइन परीक्षा फाराम भर्न सक्ने छन् । साथै, क्याम्पस/विभागहरूबाट शोधपत्रको मूल्याङ्कन गर्दा चौथो सेमेस्टरको नियमित परीक्षा (Regular Exam) मा कायम भएको रोल नं. उल्लेख गर्नुपर्ने छ ।

.....
प्रा.डा. तारा प्रसाद भुसाल
सहायक डीन

Faculty of Humanities and Social Sciences
Dean's Office
T.U. Kirtipur

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

CamScanner